# नेपाल, गण्डकी प्रदेश, तनहुँ, व्यास नगरपालिका

# स्थानीय राजपत्र

## खण्ड १०, संख्याः ३, असार २४ गते, २०८३ साल


व्यास नगरपालिकाको नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको संशोधित कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# भाग २

## व्यास नगरपालिका साझेदारी कोष सञ्चालन कार्यविधि (तेस्रो संशोधन), २०८३

नगर कार्यपालिकाबाट स्वीकृत मिति : २०८३।३।२२

व्यास नगरपालिकाको साझेदारी कोष सञ्चालन कार्यविधि, २०७८ लाई संशोधन गर्न वाञ्छनीय भएकोले व्यास नगरपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७५ को दफा ४ बमोजिम व्यास नगरपालिका नगर कार्यपालिकाबाट स्वीकृत भई व्यास नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागु हुने गरी तपसिल बमोजिम संशोधन गरेको छ :

| सि.नं. | साविकमा भएको | संशोधन गर्नुपर्ने (थप/घट) |
|---|---|---|
| १. | कार्यविधिको दफा ८ (ख) पछि (ख१) थप | कसैले यस संस्थासँग सम्झौता गरी लिइएको ऋण रकम सम्झौतामा तोकिएको समय सिमाभित्र तिर्नुपर्ने बुझाउनुपर्ने रकम नतिरी बाँकी राखेमा त्यस्तो रकम र सोको व्याज समेत ऋण लिएको व्यक्ति वा टोल विकास संस्थाका तर्फबाट ऋण जमानीमा रहेको पदाधिकारीहरुको जायजेथाबाट असुल उपर गरिनेछ । साथै जायजेथाको स्वामित्व हस्तान्तरण, नामसारी वा बिक्री गर्न नपाउने गरी रोक्का राख्न सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ । |

**आज्ञाले**

सुकदेव लम्साल

प्रमुख प्रशासकीय अधिकृत